Downloaded-From:http://www.cbseportal.com

# SUMMATIVE ASSESSMENT - II (2016-2017)
# SUBJECT - NEPALI (024)
# CLASS-X
# SAMPLE - PAPER

**TIME ALLOWED : 3 HOURS**

**1. निम्न परिच्छेद पढ्रेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :** **(2x5=10)**

क. स्वजन्मभूमि, स्वराष्ट्र, स्वदेशप्रतिको प्रेमलाई, भक्तिलाई देशप्रेम वा देशभक्ति भनिन्छ। जुन मानिसको हृदय देशप्रेमले पूर्ण छ, उसैले वास्तविक सुखी जीवनयापन गर्न सक्छ। देशभक्त मानिसले सेवा अनि उपकारीको वेदीमा आफ्नो स्वार्थ अर्पण गर्छ। त्याग, सेवा अनि उपकारको बलमा उ देश र देशवासीको उत्थानमा सदा तत्पर रहन्छ अनि स्वदेशको उन्नति आफ्नो उन्नति, स्वदेशको सुख आफ्नो सुख अनि स्वदेशको सफलता आफ्नो सफलता ठान्छ। यस्ता असंख्य देशभक्त देशवासीको बलमा नै देशले उन्नति गर्न सक्छ।

क. देशप्रेम केलाई भनिन्छ?
ख. कस्तो मानिसले सुखी जीवन यापन गर्न सक्छ?
ग. देशभक्त मानिसले आफ्नो स्वार्थ कहाँ अर्पण गर्छ?
घ. कस्ता मानिसको बलमा देशले उन्नति गर्न सक्छ?
ङ. अर्थ लेख्नुहोस् : स्वजन्मभूमि, उत्थान।।

**भाग-दुइ**

2. आफ्नो सानो भाइलाई समयको मूल्य बुझाउँदै एउटा पत्र लेख्नुहोस्। (10)

**भाग-तीन**

3. नेपालीमा अनुवाद गर्नुहोस्- (5)

i. I did this with his permission.
ii. He finished first though he began last.
iii. The boys like to play football and Cricket.
iv. Having heard this news he became sad.
v. Truth wins in the long run.

Downloaded-From:http://www.cbseportal.com

Downloaded-From:http://www.cbseportal.com

**4. तलका विविध शब्दहरूका सोधिएअनुसार उत्तर दिनुहोस्।** (2)

(क) निम्न शब्दहरूका भिन्नार्थक शब्द लेख्नुहोस्।

उपयुक्त-उपर्युक्त, गर्भ-गर्व, ।

**(ख) तलका शब्दहरूका पर्यायवाची शब्द लेख्नुहोस्।** (2)

कोमल, ईश्वर, उपहार, दरिद्र।

**ग. विपरीतार्थक शब्द लेख्नुहोस् :** (2)

सक्रिय, झरी, उचित, उत्थान।

**घ. सार शब्द लेख्नुहोस्।** (3x1=3)

अर्काले लाएको गुण बिर्सने-

धरै लामो आयु भएको -

नराम्रो रूप भएको

सय वर्षको समय

**ङ. निम्न शब्दहरूका दुइ-दुइवटा अनेकार्थक शब्द लेख्नुहोस् :-** (1+1=2)

i. पेटी

ii. कर

**च. निर्दशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् :** (1x3=3)

i. रूखमा फूलहरू फुले अब फलहरू फल्नेछन्। (सरल वाक्य)

ii. जब तिमी आइपुग्यौ, तब म आइपुगें। (सयुक्त वाक्य)

iii. त्यो दिन पानी पऱ्यो, हावा पनि चल्यो। (मिश्र वाक्य)

**छ. निम्न वाक्यहरूलाई निर्देशअनुसार रूपान्तर गर्नुहोस् :** (3x1=3)

i. पूर्वबाट सूर्य उदाउँछन्। (अकरण वाक्य)

ii. नखाएको विष लाग्दैन। (करण वाक्य)

iii. त्यो घर जाने भयो। (मिश्र वाक्य)

**ज. तलका अशुद्ध वाक्यलाई शुद्ध गरेर लेख्नुहोस् :** (4x1=4)

i. मेरो आमाले मलाई पैसा दिनुभयो।

ii. चराहरू उड्यो।

iii. भारतको वासिन्दा भारतीय हुन्।

iv. मेरी बहिनी नोकरी गर्छ।

Downloaded-From:http://www.cbseportal.com

Downloaded-From:http://www.cbseportal.com

5. (क) तलका प्रश्नहरूका उत्तर लेख्नुहोस् :। (4x3=12)

i.. ''निर्णय गर्न सकेपछि उनलाई ढुक्क लाग्यो खुट्टाहरू दुखेको पनि हरायो'' उक्त वाक्यमा कसलाई कुन कुराको निर्णयले ढुक्क लागेको बताएको छ? पाठको आधारमा लेख्नुहोस्।

ii. डाक्टर नानोको प्रयोगशालामा तयार भएकी क्लोरिना र आमाको गर्भमा विकसित भएकी क्लोरिनामा के फरक छ?

iii. मनको शक्तिभन्दा समयको अवस्था र बाध्यता नै बलवान हुँदोरहेछ।''-पठित पाठको आधारमा उक्त भनाइको भाव स्पष्ट पार्नुहोस्।

ख. सप्रसङ्ग व्याख्या गर:- (4)

''तेरै जिद्दीले यस्तो ठाउँमा घर बनाको।''

अथवा

''परिवर्तन प्रकृतिको नियम हो। समयसित हामी पनि परिवर्तन हुनुपर्छ।''

6. तलका कुनै चार प्रश्नका उत्तर दिनुहोस् (3x4=12)

क. सत्य सन्देश कवितामा कविले दिन खोजेको सन्देश के हो?

ख. ''छोरोलाई'' कवितामा कविले छोरोलाई कस्तो बन्ने आह्वान गरेका छन्?

ग. ''यात्री'' कवितामा कविले भगवानको बास कहाँ हुन्छन् भनेका छन्?

घ. ईश्वरलाई खुशी पार्नका निम्ति मानिसले के गर्नुपर्छ?

ङ. सत्य सन्देश कवितामा कविले के गऱ्यो भने स्वर्ग प्राप्त गर्न जप, तप र व्रत गर्नु पर्दैन भनेका छन्?

च. ''छोरोलाई'' कवितामा कविले आफ्नो छोरोबाट के-कस्तो कर्मको आशा राखेका छन्?

7. तलका कुनै चार प्रश्नका उत्तर दिनुहोस् :- (3x4=12)

क. 'प्रायश्चित' शब्दको अर्थ स्पष्ट पार्दै उक्त कथामा कसले, कुन कुराको कसरी प्रायश्चित गरेका छन्?

ख. 'टोटलाको फूल' कथामा कसले कसलाई किन गोलीको प्रहार गर्न चाहेका छन्?

ग. 'हवल्दार' कथाको 'म' पात्रको यात्रा कहाँदेखि कहाँसम्मको थियो? उनले हवल्दारको खानगी कहाँबाट पाएको थियो?

घ. प्रायश्चित कथामा मोतीकी आमाले मोतीलाई मानिसलाई राम्रो देख्नको लागि के-कस्तो हुनुपर्छ भन्ने कुरा बताएकी छन्?

ङ. ''टोटलाको फूल'' कथामा नारीको जीवन र टोटलाको फूल बीचमा देखाइएका समानतालाई खुलस्त पार्नुहोस्।

8. अ) साहित्यकार इन्द्रबहादुर राईको जन्म कहाँ अनि कहिले भएको थियो? उनका दुइवटा कथा सङ्ग्रहको नाम लेख्नुहोस्। (2x1=2)

आ) साहित्यकार हरिभक्त कटुवालका कुनै चारवटा कृतिहरूको नाम लेख्नुहोस्। (2x1=2)

शुभकामना

Downloaded-From:http://www.cbseportal.com